आदिकवि

भानुभक्त आचार्य

प्रश्नोत्तरमाला

प्रश्नोत्तरमाला

आदिकवि

भानुभक्त आचार्य

प्रश्नोत्तरमाला

अपार-संसार-समुद्रमाहाँ
डुब्याँ शरण् कुन् छ मलाइ याहाँ ?
चाँडो कृपाले अहिले बताऊ
श्रीरामको पाउ छ मुख्य नाऊ ।।१।।

कुन हो सदा बन्धनमा पर्या को ?
जस्ले छ यो मन् सुखमा धर्या को ।
मुक्ती भन्याको त पदार्थ कुन् हो ?
वैराग्य भन्नू चिज जान्नु जुन् हो ।।२।।

ठुलो नरक् कुन् छ भनेर जान्नू ?
यही शरीरै छ भनेर मान्नू ।
कस्तो स्वभाव् स्वर्ग भनेर जान्नू ?
तृष्णा छुट्या स्वर्ग भनेर मान्नू ।।३।।

कुन् ज्ञान् छ ठूलो भनि लीनु पर्न्या ?
वेदान्तको ज्ञान छ दु:ख हर्न्या ।
कुन् हो सहज् मोक्ष गरायिदीन्या ?
ज्ञान् हो अरूको किन नाम लीन्या ।।४।।

कुन् मूल ढोका छ नरक् कि ? नारी,
लान्छे नरक् मोह ठुलो फिजारी ।
कुन् धर्म हो स्वर्ग पुर्याीयिदीन्या?
तेस्तो अहिंसा छ बुझेर लीन्या ।।५।।

सुत्न्या सुखै पूर्वक आदमि कुन् हो ?
समाधि लायी रहन्या त जुन् हो ।
जागा कउन् हो कसरी उ जान्न्या ?
जो सत् असत्को छ विवेक गर्न्या ।।६।।

कस्लाइ हो शत्रु भनेर जान्नू ?
आफ्ना दशै इन्द्रिय शत्रु मान्नू ।
कस्लाइ खूब् मित्र भनेर मान्नू ?
जीत्या तिनै इन्द्रिय मित्र जान्नू ।।७।।

दरिद्र नाऊँ नरमा छ कस्को ?
विशाल तृष्णा घरमा छ जस्को ।
कुन् हो धनी सब् नरले कह्याको ?
सन्तोषले जो छ खुसी रह्याको ।।८।।

जिउँदै मर्याको भनि नाम् छ कस्को ?
उद्यम् बिना बित्तछ काल जस्को ।
अमृत्-सरी कुन् छ भन्या ? निराशा
पाशा कउन् हुन् ? ममतै छ पाशा ।।९।।

को छन् सुरा झैँ अति मोह गर्न्या ?
स्त्री जान्नु तस्तै गरि चित्त हर्न्या ।
कस्लाइ विद्वानहरु तुच्छ भन्छन् ?
जो कामदेव्को वशमा रहन्छन् ।।१०।।

मृत्यू भन्याको भन आज कुन् हो ?
अप्यश भन्याको तिमि जान जुन् हो ।
कुन् हो सबैले गुरु भन्नु पर्न्या ?

जो हो हितैको उपदेश गर्न्या ।।११।।

कुन् शिष्य हो शिष्य भनेर जान्नू ?
जुन् गर्छ सेवा उहि शिष्य मान्नू ।
कुन् दीर्घ रोग् हो सबलाइ हर्न्या ?
संसार हो जन्मनु मर्नु पर्न्या ॥१२॥

यो दीर्घरोग् फेक्न उपाय कुन् हो ?
अनित्य सब् जान्नु विचार जुन् हो ।
भूषण् छ कुन् सज्जनले कह्याको ?
शीलै छ भूषण् बहुतै बन्याको ॥१३॥

कस्लाइ खुब् तीर्थ भनेर मान्नू ?
जुन् शुद्ध मन् हो उहि तीर्थ जान्नू ।
विद्वान् कउन् चिज्कन तुच्छ मान्छन् ?
कान्ता र सुन् त्याज्य भनेर ठान्छन् ॥१४॥

कुन् सुन्न बेस् हुन्छ भनेर मान्नू ?
वेदान्तका बात् गुरुदेखि सुन्नू ।

कन् ब्रह्म जान्नाकन हेतु मान्नू ?
सत्सङ्ग वेदान्त बिचार जान्नू ॥१५॥

कुन् सन्त हुन् ? लोक्कन तुच्छ मान्न्या,
सब् छोडि साँचो शिवतत्त्व जान्न्या ।
ज्वर् कुन् छ ? चिन्ता ज्वर-तुल्य मन्न्या,
कुन् मूर्ख हो ? कत्ति विवेक् नगर्न्या ॥१६॥

कुन् काम हो मन् दिइ गर्नु पर्न्या ?
श्री विष्णुको भक्ति छ दुःख हर्न्या ।
कुन् आद्मि हो यस् नरमा जियाको ?
दिर्दोषि भै मन् हरिमा दियाको ॥१७॥

विद्या र बोध् कुन् चिजलाइ भन्छन ?
जुन् पाउँदा मुख्य भयी रहन्छन् ।
कुन् मुख्य लाभ् हो ? भन आज तेही ।
आत्मासरीको अरु छैन कोही ॥१८॥

सारा जगत् जित्छ अवश्य कस्ले ?

अभ्यास् गरी मन्कन जित्छ जस्ले ।
कस्ता बली वीर् कन वीर् कहन्छन् ?
कन्दर्प जस्का वशमा रहन्छन् ॥१९॥

कुन् हुन् बडा धीर् सब धर्म जान्न्या ?
स्त्रीका कटाक्षैकन तुच्छ मान्न्या ।
कुन् हुन् ठुला विष ? विषयै कहिन्छन्
ती कालकुटादि बरू सहिदिन्छन् ॥२०॥

कुन् दु:खि हो यस् विषलाई लीन्या ?
संसारमा खुप्सित चित्त दीन्या ।
कुन् धन्य हो ? जुन् छ परोपकारी,
कुन् पूज्य हो ? तत्त्व लिन्या विचारी ॥२१॥

कौनै बखत्मा पनि क्या नगर्नू ?
पाप्मा अगाडी कहिल्यै नसर्नू ।
विद्वान् पुरुष्ले कति काम गर्नू ?
स्वधर्म थामीकन शास्त्र पढ्नू ॥२२॥

साङ्ला कउन् हुन् सबलाइ बाँध्न्या ?
स्त्री हुन् सदा पाउ समाइ-राख्न्या ।
सब् ब्रतहरुमा व्रत मुख्य कुन् हो ?
सब् देखि सानो म छु भन्नु जुन् हो ॥२३॥

क्या जानिईदैन भनेर बक्नू ?
स्त्रीको चरित्रै छ नजानिसक्नू ।
क्या हो सबैले त नछोडि सक्न्या ?
यै हो दुराशा अरु कीन बक्न्या ॥२४॥

कुन् हो पशूतुल्य भनी कह्याको ?
विद्या नभै मूर्ख पडी रह्याको ।
सज्जन्हरु कस्सित सङ् नगर्नू ?
खल्-पापि-निच्का नगिचै नपर्नू ॥२५॥

कस्ता पुरुष् मुक्त भएर तर्छन् ?
सत्सङ्ग-भक्तीहरु जो त गर्छन् ।
छोटो कउन् हो नजलाइ माग्न्या,
कुन् हो बडो ? जो धनमा नलाग्न्या ॥२६॥

जन्म्यो कउन् ? जन्मनु फेर् नपर्न्या
मर्न्या कउन् हो ? मरि फेर् नमर्न्या ।
कस्लाइ लाटो छ भनेर भन्छन् ?
जो ता बखत्मा पनि चुप् रहन्छन् ॥२७॥

बैह्रो कउन् हो ? हित बात् नसुन्या
कुन् हो अविद्या मित नारि मान्न्या ।
कुन् तत्त्व साँचो छ भनेर खोज्न ?
साँचा शिवै छन् शिवलाइ रोज्नू ॥२८॥

उत्तम् भन्याको भन आज कुन् हो ?
सज्जनहरूको सुचरित्र जुन् हो ।
कुन् कर्मले शोक्हरू दूर हुन्छन् ?
श्री विष्णुका पूजनले ति टर्छन् ॥२९॥

कुन् शत्रु हुन् खुब् वलवान् भयाका ?
कामादि हुन् सब् नरले कह्याका ।
कुन् हो कसै पूर्ण गरी नसक्नू ?

कामै छ त्यस्तो अरु कीन बक्नू ॥३०॥

कुन् दु:खको मूल भनेर जान्नू ?
मेरो म हुम् भन्नु छ तेहि मान्नू ।
कुन् हो जगत्को गहना बन्याको ?
विद्यै छ सब्को गहना बन्याको ॥३१॥

कुन् सत्य हो सत्य कसोरि जान्नू ?
जुन् प्राणिको हित् छ उ सत्य मान्नू ।
कुन् छाडिदीन्या सुखि हुन्छ भन्छन् ?
स्त्री छाड्न सक्न्या सुखिमा गनिन्छन् ॥३२॥

ठूलो छ दान् कुन् गरि ताप हर्न्या ?
सब् प्राणिको निर्भय जो त गर्न्या ।
कुन् हो बुझ्यओ निश्चय नाश हून्या ?
त्यो भक्तको मन् छ भनेर जान्न्या ॥३३॥

कस्तो भयामा भय छुट्टि हुन्छन् ?
मुक्ति भयामात्र ति पाप टर्छन् ।

वाण्तुल्य कुन् हो अति दु:ख दीन्या ?
जुन् मूर्खता हो उहि जानि लीन्या ॥३४॥

कस्का सधैं दास् भइ पाउ पर्नू ?
बूढा गुरुमा लगि चित्त धर्नू ।
प्राणान्तका समयमा कति कर्म गर्नू ?
सम्पूर्ण छोडि रघुनाथ्-तिर चित्त धर्नू ॥३५॥

कुन् चोर हो इ जनको भनि चोर जान्नू ?
जुन् वासना त छ असत् उहि चोर मान्नू ।
शोभायमान भयि बस्छ सभाविषे को ?
सब् को प्रसन्न मन् गर्दछ शास्त्रले जो ॥३६॥

मातासरी सुख दिन्या कुन चीज् छ जान्नू ?
विद्यै छ त्यस्तो अरु कौन खोज्नू ।
कुन् हो जती दियो उति बढ्न जान्या ?
विद्यै रहेछ बुझि निश्चय तेहि मान्या ॥३७॥

कुन् काम हो अति डरायर दूर सार्नू ?

लोकापवाद् छ घटिया कहिल्यै न धर्नू ।
कुन् कर्म गर्दछ भन्या उहि बन्धु मान्नू ?
आफ्नो सहाय यदि गर्दछ बन्धु जान्नू ॥३८॥

कस्ता मनुष्यकन पित्रि भनेर जान्नू ?
जसले त पालन गर्योत उहि पित्रि मान्नू
कुन् चीज जानिकन चीज् रहँदैन जान्नू ?
यो चीज् त नित्य परमेश्वरलाइ मान्नू ॥३९॥

कुन् चीह्निया सकल चीजहरू चिह्निइन्छन् ?
ईश्वर चिन्या सकल वाँहि चिह्नी सकिन्छन् ।
कुन् चीज् रहेछ अति दुर्लभ खोजि हान्नू ?
सत्सङ्ग हो अधिक दुर्लभ तेहि मान्नू ॥४०॥

कुन् त्याग् कहिन्छ ? शिवको सब तत्त्व जान्नू
कुन् जीत्न सक्नु छ कठिन् ? उ त काम मान्नू ।
कुन् हो पशूसरि भनी नरले कह्याको ?
आत्मा नजानिकन मूर्ख पडी-रह्याको ॥४१॥

अम्मृत्सरी अघि भई पछि वीष बन्न्या,
कुन् हो ? स्त्रि हुन् किन अरू चिजलाइ भन्न्या ।
कुन् शत्रु हुन् अघि त मित्र सरी रह्याका ?
पुत्रादि हुन् सकल सज्जनले कह्याका ॥४२॥

कुन् चीज् छ चञ्चल यहाँ क्षण एक् घरीको ?
आयुष्य यौवन बुझ्या बिजुली सरीको ।
कुन् दान् ठहर्छ अति मुख्य यहाँ गर्याकि ?
जुन् दान् छ पात्रहरुका मुखमा पर्याकि ॥४३॥

प्राण् जान खोज्दछ भन्या पनि कन् नगर्नू ?
संसार् अनित्य बुझि पाप् कहिल्यै नगर्नू ।
कुन् हो अघी सरिसरीकन गर्नु पर्न्या ?
पूजा सदाशिबजिको सब पाप हर्न्या ॥४४॥

कुन् कर्म मुख्य भनि सद्गुरुले कहन्छन् ?
जुन् कर्मले त परमेश्वर खुश् रहन्छन् ।
कुन् स्थानमा बसुँ भनीकन दील् नदीनू ?
संसारमा भनि अवश्य चिह्नेर लीनू ॥४५॥

रात् दिन् निरन्तर कतातिर चित्त धर्नु ?
संसार् अनित्त्य बुझि तत्त्व-विचार गर्नू ।
तत्त्वै-विचार् छ सबको सब पाप हर्न्या,
ज्ञान् जान्नलाइ सबले यहि चित्त धर्न्या ॥४६॥

प्रश्नोत्तरै छ बढिया गुरुले भन्याको,
सत्कर्म जान्नकन अर्तिसरी बन्याको ।
यस्को निरन्तर बिचार् जतिले त गर्छन्,
संसार्-समुद्र सहजै त तिनै त तर्छन् ॥४७॥

प्रश्नोत्तरै हो मणिरत्नमाला,
यस्लाइ पैह्रेर जहाँ त जाला ।
तेस्का यसैले सब पाप टार्ला,
फेर् अन्त्यमा मुक्त गराइ छाड्ला ॥४८॥

-------- इति -------